# प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग

स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको आंशिक

आवश्यकता पूरा गर्न प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

लक्ष्मण कुमार के.सी.

क्याम्पस क्रमाङ्क : ७/०६४/०६६

परीक्षा क्रमाङ्क : ३०८००४५/०६६

त्रि.वि. दर्ता नं. : ६-१-४९-२५१-९८



शिक्षा योजना तथा व्यवस्थापन विभाग

तानसेन बहुमुखी क्याम्पस

तानसेन, पाल्पा

२०६८

त्रिभुवन विश्वविद्यालय
तानसेन बहुमुखी क्याम्पस
(त्रि. वि. / उ. मा. शि. प. बाट सम्बन्धन प्राप्त)
तानसेन, पाल्पा, नेपाल
TANSEN MULTIPLE CAMPUS
Tansen, Palpa, Nepal
स्थापित: २०४७
☎: ०७५-५२०१६७
फ्याक्स नं. : ०७५-५२२४५०

पत्र संख्या :
च.नं.

मिति......................

विषय : **सिफारिस पत्र**

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम.एड. दोश्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको निमित्त शोधार्थी लक्ष्मणकुमार के.सी. द्वारा तयार पारिएको **प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था** शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हो । यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनको निमित्त मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : २०६८/ /

.................

उप.प्रा. श्रीधरकुमार

उपाध्याय

शोधनिर्देशक

शिक्षायोजना तथा व्यवस्थापन विभाग

तानसेन बहुमुखी क्याम्पस

पाल्पा

त्रिभुवन विश्वविद्यालय
तानसेन बहुमुखी क्याम्पस
(त्रि. वि. / उ. मा. शि. प. बाट सम्बन्धन प्राप्त)
तानसेन, पाल्पा, नेपाल
TANSEN MULTIPLE CAMPUS
Tansen, Palpa, Nepal
स्थापित: २०४७
☎: ०७५-५२०५९७
फ्याक्स नं. : ०७५-५२२४५०

पत्र संख्या :
च.नं.

मिति.........................

विषय : स्वीकृती पत्र

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम.एड. दोश्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि शोधार्थी लक्ष्मणकुमार के.सी. द्वारा **प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था** शीर्षकमा शोधकार्य पूरा गरी प्रस्तुत गर्नुभएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| १. सह-प्रा. डा. नेत्रप्रसाद न्यौपाने | विभागीय प्रमुख | -------------------- |
| २. उप.प्रा. श्रीधरकुमार उपाध्याय | शोध निर्देशक | -------------------- |
| ३. प्रा. आनन्दमानसिंह शाक्य | बाह्य परीक्षक | -------------------- |
| ४. क्या.प्र. राधेश्याम ज्ञवाली | सदस्य | -------------------- |

मिति २०६८/११/२७

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितिय वर्षको आंशिक आवश्यकता परिपुर्ति गर्ने उद्देश्य अनुरूप तयार परिएको प्रस्तुत शोधपत्र "प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था" शीर्षकमा तयार पारिएको छ । शोधपत्र पूर्णतया विद्यालयका सम्बन्धित अभिभावक, बालबालिका, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष, विद्यालय निरीक्षक, स्रोत व्यक्ति, विभिन्न संघ संस्थाहरूबाट प्राप्त तथ्याङ्क एवम् जानकारीहरूको आधारमा तयार पारिएको हुँदा उक्त समुदायसँग सम्बन्धित उपयुक्त शैक्षिक कार्यक्रमहरू संचालन गर्नको लागि उपयोगी हुनेछ भन्नेमा म विश्वस्त छु ।

राष्ट्रको सर्वाङ्गिण विकासको लागि शिक्षाको विकास गर्नु अपरिहार्य आवश्यकता हो । त्यसमा पनि शिक्षाको आधार स्तम्भको रूपमा रहेको प्राथमिक तहको शिक्षाको विकास आजको तत्कालीन आवश्यकता हुन पुगेको छ । जबसम्म प्राथमिक तहको शिक्षाको विकास असम्भव छ । त्यसैले शैक्षिक विकासको लागि प्राथमिक तहमा भर्ना भएका सम्पूर्ण बालबालिकाहरू पाठ्यक्रमले निदिष्ट गरेका सिकाइ उपलब्धिहरू हासिल गर्दै निरन्तर उत्तीर्ण हुदै जान सक्नु पर्दछ । यसको अतिरिक्त परीक्षामा अनुत्तीर्ण भई वा परीक्षामा सम्मिलित नै नभै पुनः उही कक्षा दोहोऱ्याउनु शैक्षिक विकासको अवरोध तथा राष्ट्रको निम्ति ठूलो शैक्षिक क्षति पनि हो । अहिले देशले यस प्रकारको शैक्षिक क्षति हुनबाट मुक्ति पाएको छैन भने पाल्पा जिल्लाका विद्यालयहरू पनि यस समस्याबाट अछुतो नरहेकाले कक्षा दोहोऱ्याउने प्रवृतिका कारक तत्वहरू पत्ता लागई ती तत्वहरूको न्यूनीकारण गर्ने उपायहरू पत्ता लगाउनेर उपायहरू सुझउने गरी अनुसन्धान गरिएको छ । यसले परिवार, समाज र संघसंस्थालाई केही फाइदा पुग्ने आशा राखेको छु ।

शोधपत्र तयार गर्न शीर्षक चयनदेखि शोधपत्र लेखन पूरा गर्ने क्रममा निर्देशन गर्नुहुने श्रद्धेय गुरु श्रीधरकुमार उपाध्यायप्रति कृतज्ञता ज्ञापन गर्दछु । मलाई आवश्यक सहयोग गर्नु हुने गुरुहरू पुष्कर राज रेग्मी र पृथ्वीनाथ ज्ञवाली, क्यापस प्रमुख राधेश्याम ज्ञवालीप्रति पनि म निकै आभारी छु । त्यस्तै गरी मेरो अध्ययनका लागि छनोटमा परेका विद्यालयका

प्रधानाध्यापक ज्यूहरू, शिक्षकहरू, बालबालिकाहरू, अभिभावकहरू, स्रोत व्यक्ति, विद्यालय निरीक्षक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका अध्यक्षहरू एवम् जि.शि.का. पाल्पाका प्रा.स. राजन भण्डारीप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । उहाँहरूको सहयोग तथा तथ्याङ्क उपलब्ध बिना यो अध्ययन कार्यसम्भव थिएन । शोध पत्रलाई कम्प्युटर गरी सहयोग पुऱ्याउने मित्र बालकृष्ण भण्डारी र कमला पाण्डेय (भण्डारी)प्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**शोधार्थी**

मिति :२०६८/०४/२२ लक्ष्मणकुमार

के.सी.

# शोधसार

यस शोधपत्रको शीर्षक प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था रहेको छ । प्रस्तुत शोधको मुख्य उद्देश्य प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीको वर्तमान अवस्था पहिचान गर्नु रहेको छ ।

निर्धारित उद्देश्य प्राप्तिका लागि यस अध्ययनमा विद्यालय सर्वेक्षण फारम तथा अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरिएको छ । नमूना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष, स्रोत व्यक्ति र वि.नि. सँग अन्तर्वार्ता प्रश्नावलीको माध्यमबाट तथ्यांक संकलन गरिएको छ । यो अध्ययन मुख्यतया गुणात्मक एवम् परिमाणात्मक ढाँचाको प्रयोग गरी मिश्रित ढाँचामा तयार गरिएको छ ।

अध्ययनको क्रममा शैक्षिक सत्र २०६६, २०६७ र २०६८ मा क्रमशः २२.०७%, २४.१८% र १९.७५% विद्यार्थीले कक्षा दोहोऱ्याएका छन् । यसरी तीन शैक्षिक सत्रको कक्षा दोहोऱ्याउने विद्यार्थीको आँकडालाई हेर्दा सबभन्दा बढी शैक्षिक सत्र २०६७ मा र सबैभन्दा कम शैक्षिक सत्र २०६८ मा रहेका छन् ।

विद्यार्थीहरूले कक्षा दोहोऱ्याउने अवस्था आउनुका प्रमुख कारक तत्वहरूमा सामाजिक तथा सांस्कृतिक मूल्य, मान्यता, कमजोर आर्थिक अवस्था, जनचेतनामा कमी, असान्दर्भिक पाठ्यक्रम, विद्यमान द्वन्द्व, असुरक्षा, शिक्षामा न्यून लगानी, भौगोलिक नक्साङ्कन विना विद्यालयको स्थापना जस्ता पक्षहरू रहेको पाइयो । कक्षा दोहोऱ्याउने अवस्था न्यूनिकरण गर्ने उपायहरूमा व्यवसायमूलक शिक्षामा जोड दिई आत्मनिर्भर भएर जीउन सक्ने शिक्षा पद्धतिको विकास गर्नुपर्ने, प्राथमिक तहको शिक्षालाई अनिवार्य र पूर्ण रूपमा निःशुल्क गराउनु पर्ने, लक्षित वर्गका लागि छात्रवृत्तिको व्यवस्था हुनुपर्ने, उदार कक्षोन्नति पद्धति लागू गर्नुपर्ने धारणा रहेको पाइयो ।

कक्षा दोहोऱ्याउने प्रवृत्तिलाई कम गर्नका लागि प्राथमिक तहको शिक्षाको सम्पूर्ण दायित्व राज्यले लिनुपर्ने, योग्य तथा दक्ष शिक्षकको व्यवस्था गर्नुपर्ने, अभिभावकहरूमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, लैङ्गिक तथा जातीय समानता कायम गर्न समतामूलक कार्यक्रम लागू गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति लागू गर्नुपर्ने, शिक्षा सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान कार्यलाई निरन्तर रूपमा अगाडि बढाउनु पर्ने, विद्यालयलाई शान्ति क्षेत्रको रूपमा मान्यता दिनुपर्ने जस्ता नीति तथा उपायहरूको राज्य तथा शैक्षिक सरोकार राख्ने आम नागरिक एवम् संघ संस्थाहरूले अवलम्बन गर्नु पर्दछ ।

## विषय सूची

**शीर्षक** **पृष्ठ**


सिफारिस पत्र I

स्वीकृति पत्र II

कृतज्ञता ज्ञापन III

शोधसार V

विषयसूची VII

तालिका सूची IX

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन १०

१.३ अध्ययनको औचित्य ११

१.४ अध्ययनको उद्देश्य १३

१.५ अनुसन्धानात्मक प्रश्न १४

१.६ अध्ययनको परिसीमा १४

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १५

२.२ सैद्धान्तिक खाका २४

२.३ शैक्षिक उपादेयता २८

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धानात्मक ढाँचा ३०

३.२ जनसंख्या तथा नमूना छनोट ३०

३.३ तथ्याङ्क सङ्कलनका साधन ३२

३.४ तथ्याङ्कको स्रोत ३३

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया ३४

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया ३४

**परिच्छद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण**

४.१ कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको वर्तमान अवस्था ३५

४.२ कक्षा दोहोऱ्याउने प्रवृतिका कारक तत्वहरू ४४

४.३ कक्षा दोहोऱ्याउने अवस्था न्यूनीकरण गर्ने उपायहरू ५०

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ प्राप्ति ५५

५.२ निष्कर्ष ५७

५.३ सुझाव ५९

**सन्दर्भ सामग्री**

**परिशिष्ट**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | नमूना छनोट | ३१ |
| २ | तथ्याङ्क सङ्कलनका साधन र प्राथमिकताका क्षेत्र | ३२ |